# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मितिः २०७७।०३।३० गते।

## प्रेस विज्ञप्ति

**विषयः आरोपपत्र दायर गरिएको।**

हरिपुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, सर्लाहीमा कार्यरत लेखा अधिकृत भुपेन्द्र कुमार सिंह (अधिकृतस्तर छैठौं तह) ले विज्ञापन प्रकाशन बापतको भुक्तानी दिने क्रममा सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवम् उजुरीका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिवासबाट खटिई गएको टोलीले निज लेखा अधिकृत भुपेन्द्र कुमार सिंहलाई रु.४,०००/- (चार हजार) घुस/रिसवत बापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिइएको थियो ।

अनुसन्धानको सिलसिलामा सेवाग्राहीले हरिपुर नगरपालिका कार्यालय सर्लाहीको आ.ब. ०७६/७७ मा नगरपालिकाले उपलब्ध गराएको सूचना सन्देश स्वास्थ्य कार्यक्रम प्रशारण गरी सम्पूर्ण बिल लगायतको कागजातहरु पेस गरी भुक्तानी लिने सिलसिलामा दुःख हैरानी दिने नियतले हरिपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय सर्लाहीका लेखा अधिकृत पदमा कार्यरत (छैठौं तह) भुपेन्द्र कुमार सिंहले सेवाग्राहीलाई घुस/रिसवत रु. ४,०००।- दिन बाध्य तुल्याई आफ्नो ओहदा र पदीय दायित्वसमेत ख्याल नराखी बदनियतपूर्वक रकमको बार्गेनिङ गरी उक्त घुस रिसवतवापतको रकम भुपेन्द्र कुमार सिंहले आफू नलिई आफ्नो शाखाको कर्मचारीलाई लिन बोलाइ निजमार्फत लिएको व्यहोरा स-प्रमाण पुष्टि हुन आएको हुँदा निज लेखा अधिकृत (छैठौं तह) भुपेन्द्र कुमार सिंहले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर गरेको देखिंदा बिगो रु.४,०००-(चार हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला